# तिनाउ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

# दोभान पाल्पा

# नुवाकोट क्षेत्र बजार अनुगमन प्रतिवेदन

प्रतिवेदन कर्ता
निरन्जन लामिछाने
राजश्व शाखा
मिति २०८१।०६।२३

## अनुगमनको विषय

उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु वा सेवाको उत्पादन स्थल वा भन्सार विन्दु, ढुवानी मार्ग, भण्डारण तथा संचय स्थल, थोक तथा खुद्रा विक्रि स्थल र उपभोग स्थल लगायतका ठाउँहरूमा वस्तु वा सेवा प्रदायक वा बिक्रेताको व्यवसायिक कारोवारको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न तत्काल तिनाउ गाउँपालिका नियमित रुपमा प्रभावकारी बजार अनुगमन गर्न आवश्यक भएकोले बजार अनुगम गर्न बान्छनिय देखिएको छ ।

## कानूनी व्यवस्था

तिनाउ गाउँपालिका दोभान पाल्पाले बजार अनुगमनको लागि आफ्नो राजपत्रमा तपसिलको कानूनी व्यवस्था गरेको छ ।

# स्थानीय राजपत्र

तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७, भाग २, संख्या १, मिति २०८१ श्रावण २२ गते

**भाग-२**

**तिनाउ गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय, दोभान, पाल्पा**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तिनाउ गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०८०**

**तिनाउ गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७६** को दफा ४ ले दिएको अधिकार प्रयोग गरी तिनाउ गाउँ कार्यपालिकाले यो **तिनाउ गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०८०** जारी गरेको छ।

## बजार अनुगमन कार्यमा लागि गरिएको समन्वय

कानूनमा भएको व्यवस्था अनुसार बजार अनुगमन कार्यका लागि अन्य कार्यालयसँग तपसिलको पत्रानुसार समन्वय गरिएको थियो ।

तिनाउ गाउँपालिका
Tinau Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
दोभान, पाल्पा
Dobhan, Palpa
स्था : २०७३ / Estd. 2017 A.D.
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या /Letter No.:- ०८१/८२
चलानी नं /Ref. No.:- ६८८

मितिः २०८१।०६।२०
ने.स.११४४ कौलाथ्व ४ आइतवार

श्री जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा ।

श्री खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय
तानसेन, पाल्पा ।

श्री दोभान प्रहरी चौकी
दोभान, पाल्पा ।

विषयः बजार अनुगमनका लागि प्रतिनिधी पठाइदिनु हुन ।

प्रस्तुत विषयमा तिनाउ गाउँपालिकाबाट मिति २०८१।०६।२२ गते तिनाउ गाउँपालिका वडा नं २ नुवाकोट क्षेत्रमा विहान ७ वजेवाट बजार अनुगमन निर्देशिका २०८१ को दफा ८ अनुसारको बजार अनुगमन कार्य गरिने भएको हुँदा तहाँ कार्यालयबाट १ जना प्रतिनिधी पठाइ सहयोग गरिदिनु हुन अनुरोध छ ।

(सम्पर्क व्यक्तिः प्रमुख प्रशासकीय अधिकृत श्री लेख बहादुर बस्नेत (९८५७०७७०९८)

लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

Email: tinaururalmunicipality@gmail.com
Phone No: 075-413064 / 65

## बजार अनुगमन गर्नुको उद्देश्य

वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल लगायतका व्यापारिक क्रियाकलापलाई उपभोक्ता मैत्री बनाउन तपसिलका उद्देश्यले बजार अनुगमन गरिएको छ ।

क)गुणस्तरीय उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चितता सहित उपभोक्ताको हक र हितको संरक्षण गर्न ।

ख)बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ता प्रति जिम्मेवार तुल्याउन प्रचलित कानुनको कार्यन्वयनमा जोड दिन ।

ग)उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी उपभोक्ता हित संरक्षणको विषयलाई विशेष प्राथमिकतामा राख्न ।

घ)उपभोक्तालाई सचेत र जागरूक तुल्याउन वडा समितिको कार्यालयदेखि नै उपभोक्ता सचेतना लगायतका कार्यक्रमहरु संचालन गर्न ।

ङ)आफ्नो गाउ वा नगरपालिका अन्तर्गत स्थापित वा संचालित उद्योग व्यवसायको दर्ता, नविकरण, बिल विजक तथा बिक्रीको लागि राखिएका मालवस्तु, नापतौल, गुणस्तर, लेबल, आपूर्ति, आदिको विश्वासनियताको सुनिश्चितता गर्न ।

च)तरकारी, फलफूल, माछा, मासु, मिठाई पसल, डेरी, होटल लगायतका खाद्य वस्तुको बिक्री स्थलले तोकिएको मापदण्ड पुरा गरे नगरेको एकिन गरि छुट्टै फलफूल तथा तरकारी बजार र वधशालाको व्यवस्था गर्न ।

## अनुगमनमा विशेष ध्यान दिईएका विषयहरु

क) बिक्रेता वा सेवा प्रदायकले नियामक निकायबाट कानुन बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाण—पत्र, स्थायी लेखा नम्बर (PAN) को प्रमाण—पत्र, खाद्य अनुज्ञा—पत्र, औषधी पसल दर्ता प्रमाण—पत्र लगायतका आवश्यक कागजातहरु लिएको छ छैन र साथै प्रमाणपत्र नियमिति रुपमा नविकरण भए नभएको ।

ख) बिक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवसायको साइनबोर्ड राखेको छ छैन ।

ग) प्रदायकले वस्तुको विक्रि कक्षमा मूल्य सूची राखेको छ छैन ।

घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठिक छ छैन ।

ङ) प्याकेजिङ्ग गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ छैन ।

च) औषधि वा औषधियुक्त पदार्थ भए सो को प्याकिङ्ग प्रयोग गर्ने तरिका उल्लेख छ छैन र औषधीविज्ञ (फार्मासिष्ट) औषधी बिक्री स्थलमा भए नभएको एवं औषधि विक्रेता प्रमाणपत्र समेत हेरिएको ।

छ) उपभोग्य मिति नाघेको औषधी, प्रशोधित पानी, विस्कुट, पाउरोटी लगायतका खाद्य तथा उपभोग्य वस्तुहरू फेला परेमा नष्ट गर्ने गरिएको ।

ज) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ्ग वा छपाई गरेको छ छैन ।

झ) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटल बधशाला वा माछा मासु विक्रिस्थल सफासुग्घर र मापदण्ड अनुसार छ छैन हेर्ने ।

ञ) विक्रेता वा क्रेतालाई वस्तुको विलविजक जारी गरेको छ छैन।

## **अनुगमन गरिएको मिति समय स्थान**

१. मिति २०८१।०६।२२ गते मंगलवार।
२. स्थान तिनाउ गाउँपालिका वडा नं २ पर्यटकिय क्षेत्र नुवाकोट ।
३. समय विहान ७ बजे देखि वेलुका ५ बजे सम्म ।

## **अनुगमनमा खटीएको पदाधिकारी र कर्मचारी विवरण**

| क स | नाम थर | पद | संस्था | कैफियत |
|---|---|---|---|---|
| १ | श्री लाल वहादुर थापा | उपाध्यक्ष | ति.गा.पा. | |
| २ | श्री लेख वहादुर बस्नेत | प्र.प्र.अ. | ति.गा.पा. | |
| ३ | श्री यादव प्रसाद अर्याल | प्रवक्ता | ति.गा.पा. | |
| ४ | श्री मनोज आचार्य | प्रतिनिधि | जिल्ला प्रशासन कार्यालय | |
| ५ | श्री लक्ष्मी कुवँर | शाखा अधिकृत | ति.गा.पा. | |
| ६ | श्री कृष्ण कार्कि | स्वास्थ्य शाखा | ति.गा.पा. | |
| ७ | श्री निरन्जन लामिछाने | राजश्व शाखा | ति.गा.पा. | |
| ८ | श्री विरेन्द्र प्रसाद साहा | कृषि शाखा | ति.गा.पा. | |

| | | | | |
|---|---|---|---|---|
| ९ | श्री मिन वहादुर घर्ति मगर | पशु विकास शाखा | ति.गा.पा. | |
| १० | श्री टोप वहादुर घर्ति | हल्का सवारी चालक | ति.गा.पा. | |
| ११ | श्री राजन घर्ति | हल्का सवारी चालक | ति.गा.पा. | |

## अनुगमन गरिएको व्यावसायको विवरण

| क्र स | व्यावसायको नाम | प्रोपाईटरको नाम | फोन नं | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | नुवाकोट होटल | श्री गोविन्द न्यौपाने | ९८५७०७३८४३ | ति गा पा २ नुवाकोट | |
| २ | विष्णु रेष्टुरेण्ट | श्री विष्णु व कुमाल | ९८४७००८७८० | ति गा पा २ नुवाकोट | |
| ३ | प्रिया रिदम एण्ड जोयल्स होटल | श्री रमेश न्यौपाने | ९८४७२९२९०३ | ति गा पा २ नुवाकोट | |
| ४ | अर्गानिक गाउँले चुलो होटेल | श्री विष्णु क्षेत्रि | ९८५७०३६४६५ | ति गा पा २ नुवाकोट | |
| ५ | भ्यू टावर कटेज | श्री यम कुमारी कुमाल | ९८६९४६१२४९ | ति गा पा २ नुवाकोट | |
| ६ | तोपहाने होटल | श्री तारा प्र वस्याल | ९८४७०४७००९ | ति गा पा २ नुवाकोट | |
| ७ | बेष्ट लज एण्ड रेष्टुरेन्ट | श्री निमलाल वस्याल | ९८४७५५४४७२ | ति गा पा २ नुवाकोट | |
| ८ | वुटवल भ्यू होटल | श्री विष्णु प्र भट्टराई | ९८६७१९४१६६ | ति गा पा २ नुवाकोट | |
| ९ | नुवाकोट गढी रिर्सोट | श्री शर्मिला आले | ९८५७०८८५४४ | ति गा पा २ नुवाकोट | |
| १० | ओखलढुगां कटेज | श्री लक्ष्मण टोहटो | ९८६४५६३००९ | ति गा पा २ नुवाकोट | |

## अनुगमनमा बरामदी गरिएका समानको विवरण

| क्र स | सामानको नाम | परिमाण | मुल्य | कैफियत |
|---|---|---|---|---|
| १ | फेन्टा २ ली | १ वटा | मुल्य नदेखिएको | म्याद गुजरिएको |
| २ | फेन्टा १।५ ली | २ वटा | रु १९० | म्याद गुजरिएको |
| ३ | कोकाकोला २ ली | २ वटा | रु४७।५ प्रति लि | म्याद गुजरिएको |
| ४ | स्प्राईड २ लि | २ वटा | रु४७।५ प्रति लि | म्याद गुजरिएको |
| ५ | चाउमिन १ केजी | २ वटा | रु ११० प्रति के जी | म्याद गुजरिएको |
| ६ | वफ ससेज | २ पाकेट | रु ३३० प्रति पाकेट | म्याद गुजरिएको |
| ७ | मिट वल ५०० ग्राम | १ पाकेट | मुल्य नदेखिएको | म्याद गुजरिएको |

## बजार अनुगमनमा बरामदी गरिएका समानको नष्ट गरिएको विवरण

बजार अनुगमनको क्रममा नष्ट गर्ने पर्ने गरि बरामदी भएका समानको कर्मचारी जनप्रतिनिधि र व्यावसायसको उपस्थितिमा नष्ट गरिएको प्रमाण तपसिल वमोजिम रहेको छ ।

आज मिति २०७९ आश्विन २२ गतेका दिन तिनाउ गाउँपालिकाका अध्यक्ष श्री लाल बहादुर थापा ज्यू को नेतृत्वमा तिनाउ गाउँपालिका वडा नं. २ तुवाकोरको तपसिल बमोजिमको उपस्थितीमा बजार अनुगमन तथा सुपरिवेक्षण गरियो ।

तपसिल

(१) श्री लाल बहादुर थापा अध्यक्ष तिनाउ गा.पा.
(२) " केशव बहादुर बस्नेत प्र.प्र.अ. — " —
(३) " यादव प्रसाद अर्याल वडा अध्यक्ष तिनाउ - ०२
(४) " लक्ष्मी कुँवर शिक्षा अधिकृत
(५) " मनोज आचार्य जिल्ला प्रशासन कार्यालय पाल्पा प्रतिनिधि
(६) " रावण कार्की जनस्वास्थ्य निरिक्षक
(७) " निरन्जन लामिछाने राजश्व शाखा
(८) " विरेन्द्र प्रसाद शाह काल कृषि शाखा
(९) " मिन बहादुर लम्साल पशु विकास शाखा
(१०) " दीप बहादुर घर्ती मगर
(१२) " राजन घर्ती मगर

(१) सामाग्री (म्याद गुज्रेको) बरामद सम्बन्धमा ।

तिनाउ गाउँपालिका वडा नं. ०२ तुवाकोरमा ११:४३ बजे 'बेस्टलज एण्ड रेष्टुरेण्टमा' अनुगमन गर्दा तपसिल बमोजिमका सामाग्रीहरु म्याद गुज्रेको पाइएकाले बरामद गरी नष्ट गरियो

तपसिल

(१) Fanta 1.5 L २ थान मुल्य MRP १५० प्रतिगोटा
(२) Fanta 2.0L १ थान मुल्य [illegible]
(३) Sprite 2.0L ३ थान मुल्य USP Rs 47.5/L
४) Fresh Chaumin 2kg २ थान (११० प्याकेट/प्रतिवटा)
५) Buf susage २ थान × १२ × ३३० प्रति प्याकेट)
६) meat ball 500gm १ थान
७) Coca Cola 2 L. २ थान 47.5/L (USP Rs) incl.

रोहबर : व्यवसायी
(९) निल देव पन्थ [illegible]
(१०) हरि कार्की

## अनुगमनमा दिईका सुझावहरु तथा निर्देशनहरु

क) व्यावसाय दर्ता प्रमाणपत्र नलिएको वा नविकरण गरेको नदेखिएमा बढीमा ७ दिन भित्र सो कार्य गर्नु ।

ख) व्यवसायको साइनबोर्ड  नभएको लागि ३ दिनभित्रमा राख्नु।

ग) मूल्य सूची नभएकोमा ३ दिन भित्रमा राख्नु ।

घ) सकेसम्म डिजिटल तराजुको प्रयोग गर्नु ।

ङ) प्याकेजिङ्ग गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम,  उत्पादन मिति,  उपभोग्य अवधि वा  मिति,  अधिकतम खुद्रा मूल्य,  मिश्रण,  भण्डारण र उपभोग गर्ने तरिका वुझेर खरिद र विक्रि गर्नु ।

च) औषधि वा औषधियुक्त पदार्थ भए सो को प्याकिङ्ग प्रयोग गर्ने तरिका विशेष ध्यान दिनु ।
छ) उपभोग्य मिति नाघेको औषधी,  प्रशोधित पानी,  विस्कुट,  पाउरोटी लगायतका खाद्य तथा उपभोग्य वस्तुहरू छुट्टै व्यवस्थापन गर्नु ।

ज) उत्पादन मिति,  उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ्ग नगर्नु ।

झ) माछामासु,  फलफूल,  तरकारी,  मिठाई पसल,  डेरी र होटल बधशाला वा माछा मासु विक्रिस्थल सफासुग्घरमा विशेष ध्यान दिनु यो विषय अटेरी गरेमा तोकिए बमोजिम दण्ड जरीवाना हुने विषयमा सचेत रहनु ।

ञ) विक्रेता वा क्रेतालाई वस्तुको विलविजक अनिवार्य जारी गर्नु ।

ट) वाल श्रम शोषण तथा समाजिक शान्ति सुव्यवस्थामा असर हुने काम नगर्नु नगराउनु ।

## अनुगमनका केही तस्बिरहरु






GOENKA

